नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ४ संख्याः ६ दल्ली जाजरकोट मितिः २०७७/०३/३०

## भाग-१

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिका पशुपन्छी व्यवसाय प्रर्वद्धन ऐन, २०७७

सम्वत् २०७७ सालको ऐन नं. ६

**प्रस्तावनाः** पशुपालन व्यवसायलाई आधुनिक, व्यवस्थित र व्यवसायीक तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणले पनि पशु वा पशुजन्य पदार्थ गुणस्तरीय उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्वन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम नलगाड नगरपालिका "पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन २०७७" रहने छ ।

(२) यो ऐन नलगाड नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन नलगाड राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "आनुवांशिकी स्रोत" भन्नाले पशुपंन्छी पालनको दृष्टिकोणले महत्वपुर्ण स्थानीय पशुपंन्छी तथा घाँसका प्रजातिहरु सम्झनु पर्दछ ।

(ख) "जैविक पदार्थ" भन्नाले पशु विकास तथा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जिवाणु वा विषाणुयूक्त औषधी खोप वा जैविक रसायन सम्झनु पर्दछ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(घ) "निकासी कर्ता" भन्नाले देशको जुनसुकै स्थानबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ङ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्दछ ।

(च) "पशुजन्य उत्पादन सामाग्री" भन्नाले पशु स्वास्थ्यमा कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित सामाग्री सम्झनु पर्दछ ।

(छ) "पशुजन्य पदार्थ" भन्नाले पशुपंन्छीको मासु, रगत, बोसो, पित्त, दुध, फुल, हाड, छाला, सिंङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मलमुत्र वा सो बाट बनाईएको अप्रशोधित बस्तु सम्झनु पर्दछ ।

(ज) "पशु सेवा" भन्नाले पशुपालन र यस संग सम्वन्धित सम्पुर्ण कार्यहरु अनुसन्धान र प्रचार प्रसार समेतलाई जनाउछ ।

(झ) "पैठारी कर्ता" भन्नाले नेपाल बाहिरबाट वा यस नलगाड नगरपालिका बाहिरबाट पशु, पशुजन्य वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ञ) "भेटेरिनरी निरीक्षक" भन्नाले दफा १८(१) बमोजिम नियूक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्दछ ।

(ठ) "संक्रामक रोग" भन्नाले नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरी समय समयमा तोकेका रोगहरुलाई समेत जनाउदछ ।

(ड) "महामारी रोग" भन्नाले पशुपन्छीबाट पशुपन्छीमा तथा मानिसमा समेत छिटोछिटो सर्ने खालका रोगहरु र समय समयमा नेपाल सरकारले राजपत्रमा प्रकाशित भएका रोगहरु सम्झनु पर्दछ ।

## परिच्छेद -२

## पशु नश्ल सुधार र संरक्षण सम्वन्धि व्यवस्था

३. **सूचना जारी गर्न सक्ने :** (१) नलगाड नगरपालिकाले राजपत्रमा सुचना प्रकाशन गरी नलगाड नगरपालिकामा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनिहरुको नश्ल सुधार गर्ने दृष्टिले नगरपालिका अन्तरगत कुनै पनि क्षेत्रमा सोही सुचनामा तोकेको भाले पशुलाई बन्ध्याकरण नगरी राख्नु पर्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको रैथाने जातको पशु पालिएको पाईएमा नगरपालिकाले पशुसेवा सम्वन्धि कार्य हेर्ने अधिकृतलाई त्यस्ता भाले पशुलाई खसी नपार्ने गरी संरक्षण गर्न आदेश दिन सक्नेछ ।

(३) उच्च जातका पशु विकासका लागि विभिन्न पशुबाट नश्ल सुधार कानुनमा तोकिए बमोजिम हुनेछ ।

(४) स्थानीय जातका उत्पादनशील पशु चौपायहरु नगरपालिकाले सूचना जारी गरी निकासीमा रोक लगाउन सक्नेछ ।

## परिच्छेद -३

## उद्योग स्थापना तथा निकासी पैठारी सम्वन्धि व्यवस्था

४. **उद्योग स्थापना गर्न सिफारिश पत्र लिनुपर्ने :** जैविक पदार्थ अण्डा, चल्ला, उत्पादनका लागि पशुपन्छीका माउ पोथी, माछा, पशु पालने गरी वा पशु दाना वा मासु प्रशोधन तथा ठुलो डेरी सम्वन्धि उद्योग गर्न चाहने व्यक्तिले तोकिए बमोजिम तोकिएको निकायबाट सिफारिस पत्र लिई प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्नेछ ।

५. **निकासी तथा पैठारी गर्न सिफारिस लिनुपर्ने :** माछाका भुरा, पशु दाना, मासु तथा दुध निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिए बमोजिम निकासी पैठारीको लागि सिफारिस पत्र लिनुपर्नेछ ।

६. **अनुमति पत्र लिनुपर्ने :** (१) पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीहरुको बिक्रि वितरण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमति पत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्रि वितरण गरिने जैविक पदार्थ अण्डा, चल्ला, माछाका भुरा, मासु तथा दुधको गुणस्तर तथा मापदण्ड नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -४

## महामारी रोगको नियन्त्रण

७. **महामारी रोग** : (१) महामारी रोग नियन्त्रण गर्न नगरपालिकामा पशुपन्छी रोगको महामारी नियन्त्रण स्थानीय समिति गठन गर्न सकिनेछ र सो समितिले जैविक सुरक्षा र संक्रमण नियन्त्रणको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयनका लागि प्रदेश सरकार र संघीय सरकारको परिधि भित्र रहि नगरपालिकाले पशुपन्छी रोगको महामारी नियन्त्रण कार्यविधी, निर्देशिका र मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

## परिच्छेद -५

## पशु सेवा तथा पशु स्वास्थ्य सम्वन्धि व्यवस्था

८. **दुग्ध विकास** : (१) दुग्ध डेरी र अन्य दुग्ध जन्य व्यवशायलाई व्यवस्थित गर्नका लागि प्रदेश सरकार र संघीय सरकारको कानुनको परिधि भित्र रहि नगरपालिकाले दुग्ध विकासका लागि आवश्यक कार्यविधी, निर्देशिका र मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

९. **पाराभेटको दर्ता, अनुमति, नवीकरण, नियमन र खारेजी** : (१) स्थानीय स्तरमा रहि पशुपंन्छी उत्पादनका क्षेत्रमा उपचार, भ्याक्सिनेशन, पशुपंन्छी जन्य सामाग्री विक्री वितरण गर्ने प्राईभेट पाराभेटहरुको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) प्राईभेट पाराभेटहरुको दर्ता नगरपालिकामा हुनेछ र सोको अभिलेख प्रदेश र संघमा पठाईनेछ । प्राईभेट पाराभेटहरुको नियमन र खारेजी नगरपालिकाले गर्नेछ ।

१०. **औषधी पसल नियमन** : स्थानीय स्तरमा पशुपंन्छीहरुको रोगको रोकथाम, उपचार तथा फिड सप्लिमेन्टको रुपमा प्रयोग गरिने औषधीलाई व्यवस्थित गर्न तथा सोही प्रकृतिका औषधी तथा फिड सप्लिमेन्टको बिक्रि वितरण तोकिए बमोजिम व्यवस्थित गरिनेछ ।

११. **स्थानीय जातका पशु र घाँसेबालीको संरक्षण** : स्थानीय स्तरमा रहेका पशुपन्छी माछा तथा घाँसे बालीहरुको उचित व्यवस्थापन, स्याहार सुसार र संरक्षण तोकिए बमोजिम हुनेछ ।

१२. **चरन तथा खर्क विकास** : (१) चरन तथा खर्क विकासका कार्यक्रमहरु गर्न स्थानीयस्तर वा समुदायस्तरमा खर्क उपभोक्ताहरुको समुह वा समिति गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने खर्क उपभोक्ताहरुको समुह वा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## सजाय र पुनरावेदन

**१३. सजाय र पुनरावेदन** : (१) दफा ४ वा दफा ५ को उल्लंघन गर्ने व्यक्तीलाई दश देखि पच्चीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ । त्यसरी पैठारी गर्दा पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाईएमा दोब्बर जरिवाना हुनेछ ।

(२) दफा ६ (१) को उल्लंघन गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमको उल्लंघन गर्ने व्यक्तिलाई कसुरको प्रकृति हेरी दश देखि पच्चीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ ।

**१४. मुद्दाको तहकिकात र दायरी** : (१) यस ऐन अन्तर्गत कसुरको तहकिकात कार्यपालिकाले तोकेको कम्तीमा अधिकृत स्तरको प्राविधिकले गर्नेछ र त्यस्तो तहकिकातको काम पुरा भएपछी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसँग राय सल्लाह लिनु पर्नेछ ।

**१५. मुद्दा हेर्ने अधिकारी** : दफा १४ अन्तरगत मुद्दा हेर्ने अधिकारी कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१६. नगरपालिका वादी हुने** : यस ऐन अन्तरगतको मुद्दाको लागि नगरपालिका वादी हुनेछ ।

**१७. पुनरावेदन** : दफा १५ बमोजिम अधिकारीले गरेको निर्णय उपर चित्त नबुझे पैतिस दिन भित्र सम्वन्धित निकायमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद -७

## विविध

**१८. भेटेरिनरी निरीक्षकको नियुक्ति** : (१) नगरपालिकाले पशु औषधी वा जैविक पदार्थको गुणस्तर निर्धारण मापदण्ड अनुसार भए नभएको जाँच गर्न आवश्यक स्थान तथा संस्थामा कम्तीमा बिषय बिशेषज्ञलाई र बिषय बिशेषज्ञ उपलब्ध नभएमा भेटेरिनरी अधिकृत स्तरको प्राविधिकलाई भेटेरिनरी निरीक्षकको नियुक्ती गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने भेटेरिनरी निरीक्षकको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. **अधिकार प्रत्यायोजन** : यस ऐन बमोजिम अधिकार प्राप्त व्यक्तिले मुद्दा हेर्ने अधिकारी बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफु मातहतका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२०. **पशुप्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने** : (१) नगरपालिकाले राजपत्रमा सुचना प्रकाशन गरी पशुप्रति निर्दयी व्यवहारमा रोक लगाउन र पशु ढुवानी मापदण्ड तयार गरी लागु गर्न सक्नेछ ।

(२) बजार क्षेत्र तथा सडकमा चौपाया र पशुपन्छी छाडा रुपमा छोड्न पाईने छैन । यदि त्यसो गरेको पाईएमा चौपाया र पशुपन्छी धनीलाई कसुर हेरी क्षतिपुर्ति सहित जरिवाना हुनेछ ।

२१. **जाँचबुझ गर्न सक्ने** : (१) अधिकार प्राप्त व्यक्ति वा शाखा प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामाग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामाग्रीको जाँचबुझ गर्दा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका र नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु लागेको पाईएमा अधिकार प्राप्त व्यक्तिले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामाग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्वन्धित धनिले पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा अधिकार प्राप्त व्यक्तिले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीलाई नष्ट गर्ने तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री हटाउदा वा नष्ट गर्दा लाग्ने सम्पुर्ण खर्च सम्वन्धित धनीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२२. **क्षतिपुर्ति सम्वन्धि व्यवस्था** : (१) संक्रामक रोग भएको पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामाग्री पैठारी गर्दा कसैलाई हानी नोक्सानी हुन गएमा जाँचबुझ समितिको प्रतिवेदनको आधारमा पीडितलाई पैठारी कर्ताले क्षतिपुर्ति दिनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागी नगरपालिकाले तोकिए बमोजिम जाँचबुझ समिति गठन गर्नेछ ।

२३. **बाधा नहुने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै प्रशोधित पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो

प्रशोधित पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीलाई क्वारेन्टाईनमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२४. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेखित भए जति सबै कुरामा यसै ऐन बमोजिम हुने र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ ।

२६. **कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** यस ऐनको उदेश्य कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत